# उज्यालो पार्टी नेपाल

**सुर्खेत क्षेत्र नं. १ बाट प्रतिनिधिसभा सदस्य**

**पदका उम्मेद्वार अनुभवी नेता**

# ठम्मर बहादुर विष्ट

**लाई चुनाव चिन्ह बलेको चिम मा मतदान**

**गरी अत्यधिक बहुमतले विजयी गराऔं ।**



**ठम्मर बहादुर विष्ट**

**प्रतिनिधि सभा सदस्य पदका उम्मेद्वार**

**मो.नं. : ९८५८०८५१२१**

## उम्मेदवारको रूपमा मेरो प्रतिवद्धता

**म जनताको प्रतिनिधिका रूपमा निर्वाचित भएपश्चात् निम्न प्रतिवद्धताहरू सॉच्चिकै जिम्मेवारीका साथ पूरा गर्ने वाचा गर्दछु :-**

**१) अधुरा कामहरूलाई सम्पन्न गरिनेछ :**

विगत जनप्रतिनिधिको रुपमा काम गर्दा हाम्रै कार्यकलमा सुरु गरिएका मूख्य कामहरू अन्तर्गत बोटेचौर - डोब - दाप्चा धारापानी सडक, ज्यामिरे - पिपलटाकुरा - खेल्नेचौर सडक, भेडावारी - आपगैरा खेल्नेचौर सडक, मेहेलकुना बडाखोली सडक, देउली सिर्पा काफलकोट सडक, राकम - ठिग्नी - भेडावारी सडक, गोजी - दुनी - दह सडक, जामुने बजार - खेल्नेचौर सडक, दशरथपुर - डाँडागाउँ - दह- जितेजुवा - धरमपोखरा सडक, मदानेचौर - घारीबन - काल्चे सडक, सत्तरी - लेखपराजुल - मनीरामकाँडा - हर्रे सडक, छिन्चु - मुरलीखोला - बाइसघाटे - हर्रे सडक, गंगटे - आरनटुडा - मटेला सडक, भेरी डाइभर्सन देखी गाइघाट - मोटी - बसेरी - कर्णाली चिसापानी सडक, धरमपोखरा - ढाडखेत - जितेजुवा - बादासाल - जाजरकोट सडक लगायतका पूर्वाधार अन्तरगतका सम्पूर्ण अधुरा कामहरूलाई उच्च प्राथमिकताका साथ सम्पन्न गरिनेछ।

## विगतमा आफु संसद हुँदा सम्पन्न गरिएका मूख्य-मूख्य कामहरू

**१) सडक तर्फ :**

- कैयन वर्षदेखि काम अघि बढ्न नसकेका फास्ट ट्रयाकहरू दाप्चा - धारापानी फास्ट ट्र्याक, राकम - ठिग्नी फास्ट ट्र्याक, देउली- काफलकोट - नाहागाउ फास्ट ट्र्याकको कामहरू सम्पन्न गरिएको ।
- सिम्तामा ऋषि द्रुत मार्गको अवधारणा सहित सडक निर्माण कार्यलाई अघि बढाइएको ।
- मेहेलकुना-बडाखोली सडकलाई पक्की सडक बनाइएको ।
- २०७४ को निर्वाचनताका आफुले वाचा गरेको समयभित्रै मदन भण्डारी राजमार्गलाई सुरुदेखि पूर्णता नहुँदासम्म द्रुतगत रुपमा सम्पन्न गर्न भूमिका निर्वाह गरेको ।

- आफ्नो निर्वाचन क्षेत्रका प्राय सबै मा.वि. र नि.मा.वि. तहमा भवनहरूदेखि अन्य संरचनाहरू निर्माण गरेको।
- गुर्भाकोट घुमखहरेमा प्राविधिक शिक्षा अन्तर्गत आइएसी एजीको शिक्षालय स्थापना गरिएको एवम् यस संस्थाको झण्डै ६० वर्षदेखि बल्झिँदै आएको स्थानीय र स्कुलको जग्गा विवाद (सटापटा) अन्त्य गरिएको।
- भेरी बहुमुखी क्याम्पस गुमीलाई मध्यपश्चिम विश्वविद्यालय अन्तरगत औपचारिक रुपमा सम्बन्धन प्राप्त गर्ने प्रक्रियादेखि यसको शैक्षिक, भौतिक एवम् आर्थिक विकासमा आफुले विशेष भूमिका निर्वाह गरेका एवम् यस क्षेत्रको सामुदायिक क्याम्पसको रुपमा सञ्चालित सहारे बहुमुखी क्याम्पस र सिम्ता बहुमुखी क्याम्पसको आर्थिक, भौतिक र शैक्षिक विकासलाई अघि बढाउन आफ्नो विशेष पहल रहेको।
- गुर्भाकोट र सिम्ताका प्रायः सबै क्षेत्रहरूमा सिंचाइ, खानेपानी, तटबन्धनका कामहरू सम्पन्न भएको।
- मेहेलकुना हस्पिटललाई जिल्ला हस्पिटलमा स्थानान्तरण गर्नेदेखि सेवा प्रवाहलाई आधुनिकीकरण गर्ने काममा विशेष भूमिका निर्वाह गरेको।

**२) कृषि, पशुपालन, जडीबुटी प्रशोधन एवम् रोजगारतर्फ :**

कृषि, पशुपालन, उद्योग - लघु उद्योग, स्टाटअफ बिजनेस, जडीबुटी प्रशोधन लगायतका क्षेत्रमा रोजगार एवम् स्वरोजगारमूलक कार्यक्रमलाई प्राथमिकता दिइनेछ। कृषि र पशुपालनजन्य उत्पादनलाई व्यवस्थित गर्न भेरी बेल्टका आवश्यक ठाउँमा वृहत शीत भण्डारलाई व्यवस्थित गरिनेछ।

**३) भेरी लिफ्ट सिँचाइ योजना :**

सिम्ता स्यापीदेखि भेरीगंगा रामघाटसम्मका वारीपारीको बाँझो जमिनलाई उत्पादनमूलक बनाउने उद्देश्यले आवश्यक ठाउँमा भेरी लिफ्ट सिँचाइ योजना र डीप बोरीङ योजनाहरूलाई मेरो कार्यकालमै सम्पन्न गर्नेछु।

- भेरीको पानीलाई प्रशोधन गर्दै भेरी बेल्टका सम्पूर्ण क्षेत्रमा आम जनतालाई खानेपानीको पहुँचमा ल्याइनेछ। गुर्भाकोट लगाएतका क्षेत्रमा खानेपानीको नाममा लिँदै गरेको चर्को शुल्क बन्द गरिनेछ।
- आम नागरिकलाई शिक्षा र स्वास्थको पहुँचमा ल्याइनेछ। शिक्षालाई निःशुल्क बनाईदै प्रविधिमैत्री शिक्षामा जोड दिने उद्देश्यले यस क्षेत्रमा वन इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, कृषि इन्जिनियरिङ, सूचना र सञ्चार प्रविधि, वन र वातावरणीय विज्ञान आदि रोजगार एवम् प्रविधिमैत्री शिक्षालाई अघि बढाइनेछ। स्वास्थ्य उपचारमा सम्पूर्ण नागरिकलाई पहुँचमा ल्याउन हामीले हाम्रै कार्यकालमा स्थापना गरेको मेहेलकुना हस्पिटललाई सुविधा सम्पन्न हस्पिटलको रुपमा रुपान्तरण गरिनेछ।

**४) स्थायी लालपुर्जा वितरण :**

क्षेत्र नं १ अन्तर्गतका विशेष गरी भेरीगंगा, गुर्भाकोट र यस क्षत्रका सम्पूर्ण ५४ वटै वडामा अव्यवस्थित बसोबासलाई स्थायी लालपुर्जा दिलाएरै छोडिनेछ।

**५) घर-घरमा बिजुली :**

नेपालको ईतिहासमै पहिलोचोटी कालरात्रीबाट चमत्कारिक लोडसेडिङ्गमुक्त गर्ने योजना उज्यालो नेपालका अध्यक्ष कुलमान घिसिङको नेतृत्वमा सम्पन्न भएको सर्वविदितै छ। यसैको निरन्तरता स्वरुप क्षेत्र नं. १ अन्तर्गतका बिजुली पुग्न नसकेका समग्र भूगोलमा विद्युतीय लाइन घरघरमा पुऱ्याइनेछ। विद्युतमा देखापर्ने प्राविधिक समस्याहरूको समेत सदाको लागि अन्त्य गरिनेछ।

६) राष्ट्रिय गौरवको योजना अन्तरगत बबई डाईभर्सनमा भएको ढिलासुस्तीको कामलाई सम्पन्न गरी सिंचाइ योजना, विद्युतको काम सम्पन्न गरी पर्यटकीय शहर निर्माण गर्न मेरो विशेष पहल हुनेछ।

७) अल्पसंख्यक, गरीब, दलित, धार्मिक समुदाय एवम् वर्गीय र लिङ्गीय रुपमा उत्पीडनमा परेका समुदायहरूको अधिकारको सुनिश्चितता गरिनेछ।

भ्रममा नपरौँ, विगत आफु जनप्रतिनिधि रहँदा विकास निर्माणका क्षेत्रमा गरेका काम र जनताका आवाजहरूलाई मुखरीत गर्ने सवालमा संसद्मा आवाज बुलन्द गरेको र फेरि एकचोटी त्यस्ता घटनालाई स्मरण गरिदिन आग्रह गर्दै जहाँ आफुले तत्कालीन सरकारका विरुद्ध संसद्मै खरो रुपमा प्रहार गर्दै सरकारले विभिन्न नाममा लुकाएको डल्लो बजेटलाई समेत फुटाइ पुनः निर्वाचन क्षेत्रमा वितरण गर्न सफलता प्राप्त गरेको नजीर समेत संसद्मा अहिले पनि रेकर्डेट छ। अतः विगतका कामले परीक्षण भैसकेको तपाईको सेवकलाई हजुरहरूको पुनः सेवा गर्ने अवसर दिनुहुनेछ भन्ने अठोट व्यक्त गर्न चाहन्छु।

धन्यवाद!